निर्णयहरु

प्रस्ताव नं. १ माथि छलफल गर्दा शैलुङ गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय, वडा कार्यालयहरुमा भइरहेको सेवा प्रवाह,वडामा भइरहेका गतिविधिहरु, आगामी आ.व. २०८२/०८३ को बार्षिक कार्ययोजना कार्यान्वयन र गाउँ कार्यपालिकाबाट निर्णय भएका निर्णयहरु कार्यान्वयनको अवस्था सम्बन्धी छलफल गर्दै आइपरेका समस्याहरुको समस्या समाधान गर्दै सेवा प्रवाहलाई थप प्रभावकारी बनाउने ।

प्रस्ताव नं. २ माथि छलफल गर्दा गाउँपालिका स्तरीय अनुगमन तथा सुपरीवेक्षण समितिको तपसिल बमोजिमको प्रतिवेदन अनुमोदन गर्ने ।

तपसिल

**गाउँपालिका स्तरीय सुपरीवेक्षण तथा अनुगमन समितिको प्रतिवेदन**

३१ बैशाख २०८३, देखि २९ जेठ २०८३ सम्म

यस शैलुङ गाउँपालिकाको आ. ब. २०८२/८३ को वार्षिक स्वीकृत कार्यक्रम अनुसार सम्झौता भै कार्यान्वयन भएका आयोजनाहरुको गाउँपालिका उपाध्यक्ष श्री पार्वती कार्की संयोजक रहनु भएको गाउँपालिका स्तरीय सुपरीवेक्षण तथा अनुगमन समितिले २०८३ बैशाख ३१ देखि २०८३ जेठ २९ गते सम्म स्थलगत अनुगमन गरी सो का आधारमा यो प्रतिवेदन तयार गरिएको छ।

**अनुगमन गरिएका आयोजनाहरु:**

२०८३ बैशाख ३१ गते

| क्र. सं. | अनुगमन गरिएका आयोजनाहरुको नाम | ठेगाना | कैफियत |
|---|---|---|---|
| १ | गोल्मोखोला दुधपोखरी कल्लाबारी खानेपानी आयोजना | शैलुङ १ | |
| २ | जुगे दुधपोखरी कल्लाबारी डाँसेखोला सडक | शैलुङ १ | |

२०८३ जेठ ०२ गते

| क्र. सं. | अनुगमन गरिएका आयोजनाहरुको नाम | ठेगाना | कैफियत |
|---|---|---|---|
| १ | शैलुङ्गेश्वर आवि पाँडेखानी भौतिक व्यवस्थापन | शैलुङ ८ | |
| २ | पैती स्कुल दाङ सडक | शैलुङ ८ | |
| ३ | पहरीखर्क युवा क्लब भवन भौतिक व्यवस्थापन | शैलुङ ८ | |
| ४ | शारदा मावि भौतिक व्यवस्थापन | शैलुङ ८ | |
| ५ | पहरीखर्क आचार्यटोल खानेपानी आयोजना | शैलुङ ८ | |
| ६ | बाँकेखोला आर सी सी पुल निर्माण | शैलुङ ८ | |
| ७ | चोरनागी भित्तारे सडक | शैलुङ ८ | |

| | | | |
|---|---|---|---|
| ८ | भैंसे मनगाउँ झोर सडक | शैलुङ ८ | |
| ९ | शैलुङ हिलटन विद्यालय भौतिक व्यवस्थाप | शैलुङ ८ | |
| १० | झोरखोला घाट व्यवस्थापन | शैलुङ ८ | |
| ११ | महादेव प्रावि व्यवस्थापन | शैलुङ ८ | |
| १२ | झोर जोरधारा सडक सोलिङ | शैलुङ ८ | |
| १३ | सेतीदेवी ढुङ्गेधारा निर्माण | शैलुङ ८ | |

२०८३ जेठ ०५ गते

| **क्र. सं.** | **अनुगमन गरिएका आयोजनाहरुको नाम** | **ठेगाना** | **कैफियत** |
|---|---|---|---|
| १ | छाङखोला फड्के पुल | शैलुङ ३ | |
| २ | कालिभुमे मन्दिर व्यवस्थापन | शैलुङ ३ | |
| ३ | भुमेथान बर्खन रातमाटे सडक सोलिङ | शैलुङ ३ | |

२०८३ जेठ ०६ गते

| **क्र. सं.** | **अनुगमन गरिएका आयोजनाहरुको नाम** | **ठेगाना** | **कैफियत** |
|---|---|---|---|
| १ | जम्बुसिं कल्लाबारी सडक | शैलुङ २ | |
| २ | जम्बुसिं डाँसेखोला कल्लाबारी सडक मर्मत | शैलुङ २ | |
| ३ | मालिघ्याङ खोला काब्रेबेंसी सिंचाई मर्मत | शैलुङ २ | |
| ४ | नबिन मावि भौतिक व्यवस्थापन | शैलुङ २ | |
| ५ | दलित वस्ती खोल्सो नियन्त्रण | शैलुङ २ | |
| ६ | पाटा बीचटोल क्युइवाजी खानेपानी आयोजना | शैलुङ २ | |
| ७ | थगम महाभारेच्यात टोल खानेपानी आयोजना | शैलुङ २ | |
| ८ | घुमाउनेपानी थगम पुरानोगाउँ सडक | शैलुङ २ | |
| ९ | ठुलनागी कृषि सडक | शैलुङ २ | |
| १० | थगम अधुरो छ्योर्तेन निर्माण | शैलुङ २ | |

२०८३ जेठ २० गते

| क्र. सं. | अनुगमन गरिएका आयोजनाहरुको नाम | ठेगाना | कैफियत |
|---|---|---|---|
| १ | शैलुङ हिलटन आवि शैलुङ्गेश्वर आवि भौतिक व्यवस्थापन | शैलुङ ८ | |
| २ | भैंसे मनगाउँ झोर सडक | शैलुङ ८ | |
| ३ | चोरनागी भित्तारे सडक | शैलुङ ८ | |
| ४ | सान्नागी कुविण्डे सडक | शैलुङ ८ | |
| ५ | राहुँटोल खानेपानी योजना | शैलुङ ८ | |
| ६ | पुरानागाउँ मुलाबारी भकारे सडक | शैलुङ ४ | |
| ७ | दुर्गा मावि सिंढी निर्माण | शैलुङ ४ | |

२०८३ जेठ २९ गते

| क्र. सं. | अनुगमन गरिएका आयोजनाहरुको नाम | ठेगाना | कैफियत |
|---|---|---|---|
| १ | जोरमाने छहरे सामुदायिक भवन गोरेटो बाटो | शैलुङ ५ | |
| २ | कृषि उपज संकलन केन्द्र भवन (ट्रस भवन सहित) | शैलुङ ५ | |
| ३ | ओखरबोट काटाकुटी सिंचाई योजना | शैलुङ ५ | |
| ४ | खुसमाने विक टोल बोत्ले भुरुङ्गा गोचेत खानेपानी योजना | शैलुङ ३ | |
| ५ | लामाघ्याङ गोचेत फस्कु जोड्ने सडक | शैलुङ ३ | |

**देखिएको स्थलगत अवस्था:**

वडा नं १ को जुगे दुधपोखरी कल्लाबारी डाँसेखोला सडक योजनाको कार्य भै रहेको देखिए पनि कामको गति तीव्र नदेखिएकोले समयमा नै तोकिए बमोजिमको कार्य सम्पन्न गर्नको लागि कामदार संख्या बढाई कामको गति बढाउनु पर्ने देखिएकोले सोही बमोजिम गर्न निर्माण व्यवसायीलाई सुझाव दिइएको। साथै कार्यालयबाट थप ताकेता गर्नुपर्ने समेत देखिन्छ।

वडा नं १ कै गोल्मोखोला दुधपोखरी कल्लाबारी खानेपानी आयोजनाको संरचना निर्माणको काम सम्पन्न भएको देखिएपनि धारामा पानी आपूर्ति सन्तुलन हुन नसकेकोले सो को व्यवस्थापन गर्न र पानी आपूर्ति हुन नसकेको रिजर्भ ट्याङ्कीमा पानी आपूर्ति गराई पेश गर्ने र धारामा टुटी नहुने धारा पछाडिका जोडाईमा पानी चुहिने लागयतका समस्या देखिएका ठाउँहरुको नोट गराई सो कार्य सम्पन्न गर्न निर्माण व्यवसायीलाई सुझाव दिइएको।

वडा नं ८ को पहरीखर्क युवा क्लब भवनको झ्यालमा सिसा राख्ने कार्य बाँकी भएको, पहरीखर्क आचार्यटोल खानेपानी पाइप जडान र साईड सरसफाईको कार्य बाँकी भएको, बाँकेखोला आर सी सी पुलमा रेलिङको रंगरोगन कार्य बाँकी भएको, शैलुङ हिलटन व्यवस्थापन अन्तरगतको रंगरोगन र झ्यालमा सिसा राख्ने कार्य बाँकी भएको, झोरखोला घाटमा रंगरोगनको काम बाँकी भएको तथा अनुगमन गरिएका अधिकांश सडक सोलिङका काममा चुकुल ठोक्ने कार्य गर्नुपर्ने देखिएकोले सोही बमोजिम सोलिङ सुधार गर्न उपभोक्ता समिति र निर्माण व्यवसायीलाई सुझाव दिइएको। यस बाहेक अन्य कार्य सन्तोषजनक रहेको देखियो।

वडा नं २ मा जम्बुसिं डाँसेखोला कल्लाबारी सडक मर्मतको काम अनुगमन गर्दा तोकिए बमोजिमको कार्य नभएको पाइएकोले लागत अनुमान बमोजिम कार्य गरी कार्य सम्पन्न गरी पेश गर्नुपर्ने देखिएको घुमानउनेपानी थगम पुरनागाउँ सडकको सोलिङ कार्य अपुग भएको देखिएकोले पुरा गर्नुपर्ने ठुलनागी कृषि सडकको कार्य समयमा नै सम्पन्न गर्नुपर्ने लगायतको अवस्था देखिएकोले सम्बन्धित उपभोक्ता समितिलाई सोही बमोजिम सुझाव दिइएको।
वडा नं ५ मा कृषि उपज संकलन केन्द्र भवन निर्माण अन्तरगत निर्माण व्यवसायीद्वारा भएको काममा रंगरोगन लगायत फिनिसिङका कार्य बाँकी देखिएको साथै उपभोक्ता समितिद्वारा भएको ट्रस भवन निर्माणको काम भै रहेको ओखरबोट काटाकुटी सिंचाई योजनाको कार्य पाइप बिछ्याउने कार्य भएको रिजर्भ पोखरी निर्माणको कार्य भै रहेको देखिनुका साथै बिछ्याएको पाईपलाइनको कुनै कुनै जोडाईमा चुहिने समस्या देखिएको साथै अघिल्लो बर्ष भएको काममा पाईपको टेवाको लागि बनाइएको पिलर लगायतमा कमजोर अवस्था देखिएको खुसमाने विक टोल बोत्ले भुरुङ्गा गोचेत खानेपानी शैलुङ ३ को काम भै रहेको तर केही धारा निर्माण र ट्याङ्की निर्माण समेतको काम बाँकी देखिएकोले यी सबै अवस्थालाई सुधार गर्न सम्बन्धित निर्माण व्यवसायी र उपभोक्ता समितिलाई सुझाव दिइएको। यी सबै कार्यमा सम्बन्धित फिल्डका प्राविधिक कर्मचारी वडा कार्यालय समेत जिम्मेवार हुन सुझाव दिईएको।

**निष्कर्ष:**

गाउँपालिका स्तरीय अनुगमन समितिको टोली तथा स्थानीय लाभग्राही समेतको सहभागिितामा यस अवधिमा अनुगमन गरिएका आयोजनाको अवस्था समग्रमा विश्लेषण गर्दा सन्तोषजनक देखिएको छ। स्थानीय समुदायले अपनत्व लिनेगरी आयोजना जिम्मा लिने र मर्मत सम्भार लगायत नियमित सञ्चालन र व्यवस्थापनको जिम्मेवारी लिनेगरी संस्थागत विकास गर्न सकिएमा र वडा स्तरीय अनुगमन समितिको सक्रियता समेत थप बढाउन सकिएमा परिणाम अझ प्रभावकारी हुन सक्ने देखिएको छ। समग्रमा यस अवधिको अनुगमनबाट सन्तुष्ट हुने अवस्था भने देख्न सकिन्छ।

प्रस्ताव नं. ३ माथि छलफल गर्दा यस शैलुङ गाउँपालिकाको आर्थिक वर्ष २०८२/८३ मा कार्य सम्पन्न भै प्राविधिक कार्य सम्पन्न प्रतिवेदन, नापी किताब, उपभोक्ता समितिलाई भुक्तानी दिने बिल, उपभोक्ता समितिले पेश गरेका सक्कल बिल भरपाई, आम भेलाले गरेको खर्च स्वीकृत सम्बन्धी निर्णय, सम्बन्धित वडा कार्यालयको सिफारिश उपभोक्ता भेलाको निर्णय, आयोजना स्तरीय वडा स्तरीय तथा गाउँपालिका स्तरीय अनुगमन समितिका प्रतिवेदनहरु समेत अध्ययन

गरी देहायका आयोजनाहरुको फरफारक प्रयोजनको लागि २०८२ चैत्र ०२ गते देखि आषाढ ०२ गते सम्म विभिन्न मितिमा गते बसेको जाँचपास तथा फरफारक समितिको बैठकको निर्णयहरु अनुमोदन गर्ने ।

निर्णय नं. १

यस गाउँपालिकाको स्वीकृत वार्षिक कार्यक्रम अनुसार आ.ब. २०८२÷८३ मा सम्पन्न हुने देहाय बमोजिमका आयोजना सम्बद्ध उपभोक्ता समितिसँग भएको सम्झौता बमोजिम उक्त आयोजनाको प्राविधिक कार्य सम्पन्न/मूल्याङ्कन प्रतिवेदन, नापी किताब, उपभोक्तालाई दिने भुक्तानी बिल, उपभोक्ता समितिले पेश गरेको सक्कल बिल भर्पाइ, आम उपभोक्ता भेलाले गरेको खर्च स्वीकृत सम्बन्धी निर्णय, सम्बन्धित वडा कार्यालयको सिफारिस, उपभोक्ता भेलाको निर्णय, आयोजना स्तरीय अनुगमन तथा सुपरीवेक्षण समितिको प्रतिवेदन, वडा स्तरीय अनुगमन तथा सुपरीवेक्षण समितिको प्रतिवेदन, गाउँपालिका स्तरीय अनुगमन तथा सुपरीवेक्षण समितिको प्रतिवेदनहरु समेत अध्ययन गर्दा देहाय बमोजिम विवरण उल्लेख भएका आयोजनाको जाँचपास तथा फरफारक गर्ने ।

**बैठक मितिः २०८२ चैत्र ०२ गते**

| क्र. सं. | आयोजना तथा कार्यक्रमको नाम र ठेगाना | प्राविधिक लागत अनुमान रकम रू. | प्राविधिक मूल्याङ्कन रकम रू. | गाउँपालिकाबाट भुक्तानी हुने रकम रू. | मुख्य मुख्य कामको विवरण |
|---|---|---|---|---|---|
| १ | जिरोकिलो छहरे सडक आयोजना शैलुङ ५ | ४,३८,८७६००/ | ४,४०,२४२८/० | ३,८४,०००/०० | सडक सोलिङ १६० मीटर अर्थात १०९ घमी भएको। |
| २ | हुलाके डाँडा थामीगाउँ सडक शैलुङ ७ | ४,३२,०४२००/ | ४,४०,७०४१/० | ३,८४,०००/०० | सडक सोलिङ २१२ मीटर अर्थात १०९ घमी भएको। |
| ३ | पाल्चेत वडा कार्यालय सडक शैलुङ ७ | ५,३७,२८५६०/ | ५,५६,४२०८/० | ४,७९,०००/०० | सडक सोलिङ २०३ मीटर अर्थात १३८ घमी भएको। |
| ४ | रातोमाटे छिपछिपे सडक स्तरोन्नति शैलुङ ५ | ५,४८,२२०००/ | ५,५२,३२०४/० | ४,७९,९८०/०० | सडक सोलिङ २०१ मीटर अर्थात १३७ घमी भएको। |
| ५ | सडक मर्मत तथा सरसफाई शैलुङ ७ | ६,४०,०३४९१/ | ६,३७,६८५६/२ | ५,७३,८८५/०० | सडक ११९ घमी सोलिङ, ८०४ घमी माटो हटाई सडक सफाई र ३२ घमी स्थानीय ग्राभेल विछयाई सडक सतह मिलाउने कार्य भएको। |

| | | | | | |
|---|---|---|---|---|---|
| ६ | चित्रे भित्रे आहालडाँडा सडक शैलुङ ६ | ५,५०,२७०२०/ | ५,४४,६८६४/२ | ४,७४,९२९/०० | सडक सोलिङ २४० मीटर अर्थात १३५ घमी भएको। |

**बैठक मितिः २०८२ चैत्र १७ गते**

| क्र. सं. | आयोजना तथा कार्यक्रमको नाम र ठेगाना | प्राविधिक लागत अनुमान रकम रु. | प्राविधिक मूल्याङ्कन रकम रु. | गाउँपालिका बाट भुक्तानी हुने रकम रु. | मुख्य मुख्य कामको विवरण |
|---|---|---|---|---|---|
| १ | लामाटोल छहरे सडक शैलुङ ५ | ५,३७,३९१६९/ | ५,३८,६०१८१/ | ४,७९,५०००/० | सडक सोलिङ २४८ मीटर अर्थात १३२ घमी भएको र ७० घमी विभिन्न प्रकारको माटो काटी सडक सतह मिलाउने कार्य भएको। |
| २ | धावाडाँडा खेल मैदान निर्माण शैलुङ ६ | २,१६,००२५१/ | २,१८,२७४१८/ | १,९१,५०००/० | मेशिनद्वारा २३११ घमी माटो तथा २०१ घमी ढुङ्गा मिसिएको माटो काटी खेल मैदान निर्माण काट्ने तथा २ १ १ को ग्याविन २ थान खरिद गरी ढुङ्गा भर्ने कार्य भएको। |
| ३ | झगडेडाँडा फोक्टे नाग्रेलीटोल सिढी निर्माण शैलुङ ३ | ४,३३,७९५५२/ | ४,७४,५९३३२/ | ३,८४,००००/० | पीसिसि ढलान गरी १ मीटर चौडाईको सिढी सहित २०६ मीटर लामो गोरेटो बाटो निर्माण भएको। |
| ४ | जोगीडाँडा सेरा सडक शैलुङ ४ | ६,४०,६१८९९/ | ६,५६,६५८७९/ | ५,६९,८०००/० | २ १ १ को ग्याविन १० थान र १ थान ११ को ग्याविन ५ १ १. खरिद गरी ढुङ्गा भर्ने तथा |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | | | मीटर सडक सोलिङ १६० भएको। |
| ५ | नाग्रेलीटोल ढुङ्गेधारा निर्माण शैलुङ ३ | १,६२,३२१०२/ | १,७३,७९१८२/ | १,४४,००००/० | भुईं ढलान, वाल लगाउने, प्लाष्टर गर्ने कार्य गरी ढुङ्गेधारा एकथान जडान भएको र शिलालेख समेत जडान भएको |
| ६ | टाकुरा देवीथान घेराबार योजना शैलुङ २ | २,२६,६६८०६/ | २,५१,९८०६४/ | १,९२,००००/० | पिसीसी ढलान गरी फलामे पोष्ट जडान गरेर ६८ मीटर जाली खरिद गरी मन्दिर वरिपरि घेराबार भएको साथै सिमेन्ट मसलाको जोडाईमा ८ घमी ढुङ्गाको गारो लगाउने कार्य समेत भएको। |

**बैठक मितिः २०८२ चैत्र २५ गते**

| क्र.सं. | आयोजना तथा कार्यक्रमको नाम र ठेगाना | प्राविधिक लागत अनुमान रकम रु. | प्राविधिक मूल्याङ्कन रकम रु. | गाउँपालिका बाट भुक्तानी हुने रकम रु. | मुख्य मुख्य कामको विवरण |
|---|---|---|---|---|---|
| १ | विशान घलिडाँडा सडक शैलुङ ८ | ४,३४,०५४७९/ | ४,४०,६०२९१/ | ३,८३,६०००/० | मेशिनद्वारा विभिन्न प्रकारको माटो १५५० घमी साधारण चट्टान ४३७ घमी काटी सडक निर्माण र १२० मीटर सोलिङ गर्ने कार्य भएको। |
| २ | नुनथला सानोझाप सडक शैलुङ ८ | ३,२६,९८१८०/ | ३,३१,०८२२०/ | २,८८,००००/० | सडक सोलिङ १६१ मीटर अर्थात ८२ घमी भएको। |
| ३ | सेतीदेवी थान पाल्ले शैलुङ ३ | १,११,१४८०७/ | १,१६,४४६५१/ | ९४,५००००/ | मन्दिर जाने बाटो निर्माण तथा सुख्खा ढुङ्गाको वाल २३ घमी |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | | | लगाई मन्दिर परिसर व्यवस्थापन भएको। |
| ४ | अधिकारीटोल खानेपानी योजना शैलुङ ७ | २,१३,९४९९३/ | २,१३,६१६३८/ | १,९१,४०६०/ ० | ईन्टेक निर्माण तथा पीएन १६ को २५ एम एम डायको पाईप १७५० मीटर खरिद गरी बिछयाउने कार्य भएको। |
| ५ | वालसाप्रा टोल खानेपानी आयोजना शैलुङ ३ | १,६२,९९५७१/ | १,७५,३९३९०/ | १,४४,००००/ ० | ट्याङ्की निर्माण भएको र पीएन १६ को २२ मीटर पाइप खरिद गरी इन्टेक देखि ट्याङ्की सम्म पानी आपूर्ति गरी खानेपानी व्यवस्थापन भएको। |
| ६ | गंगा जमुना सडक सोलिङ शैलुङ १ | ५,४८,२२०००/ | ५,६४,६२१६०/ | ४,७९,१०००/ ० | सडक सोलिङ २०६ मीटर घमी १४०)) भएको। |
| ७ | साँगुते मावि घेराबार शैलुङ ७ | २,१३,४०७१७/ | २,००,३६९६४/ | १,८०,१९२०/ ० | चेनलिङ्कको घेराबार तथा स्टेजमा रंगरोगन र वाल लगाउने कार्य भएको। |
| ८ | सडक सरसफाई शैलुङ १ | १,०८,२२८१३/ | १,०८,३१८०६/ | ९६,०००००/ | मेशिन प्रयोग गरी सडकमा रहेको विभिन्न प्रकारको माटो १६०१ घमी पन्छाउने कार्य भएको। |
| ९ | बेथिएल एबि FN चर्च शैलुङ १ | ३,२१,५६३७४/ | ३,२३,६२९२५/ | २,८७,५०००/ ० | १ मीटर २५ मीटर उचाईको ९५. सुख्खा ढुङ्गाको वाल |
| १ ० | ओखलढुङ्गा सडक शैलुङ ८ | ३,२६,९८१८०/ | ३,२९,०३२००/ | २,८८,००००/ ० | सडक सोलिङ १६० मीटर ८१) घमी) भएको। |

**बैठक मिति: २०८३ बैशाख १० गते**

| क्र. सं. | आयोजना तथा कार्यक्रमको नाम र ठेगाना | प्राविधिक लागत अनुमान रकम रु. | प्राविधिक मूल्याङ्कन रकम रु. | गाउँपालिका बाट भुक्तानी हुने रकम रु. | मुख्य मुख्य कामको विवरण |
|---|---|---|---|---|---|
| १ | धुङधुङ छाँगा आलाङनावा खानेपानी मर्मत शैलुङ १ | ३,२३,७०४५०/ | ३,२५,५४२५४/ | २,८७,२०००/ ० | पीएन १६ को ३२ एम एम डायको पाईप १२०० मीटर खरिद गरी बिछ्याउने कार्य भएको। |
| २ | मगर समाज भवन भान्साघर निर्माण शैलुङ १ | ३,२२,८२८५०/ | ३,३४,८२९३२/ | २,८८,००००/ ० | सिमेन्ट मसलाको जोडाईमा ईटाको वाल लगाएर जस्तापाताको छाना लगाई भान्साघर निर्माण भएको। |
| ३ | लामाघ्याङ बोल्दुङ ओख्रे हुँदै पुरानो गाविस जाने सडक तथा सिंढी निर्माण शैलुङ ३ | ५,३६,३४२१९/ | ५,४३,५९६८४/ | ४,७९,५०००/ ० | ४२ मीटर सडक आर सी सी ढलान र सडकबाट गाउँ सम्म जाने सिंढी निर्माण भएको। |
| ४ | फड्के पुल निर्माण शैलुङ ६ | २,१६,८०२६५/ | २,१२,४०६७३/ | १,८८,१०६०/ ० | घट्टेखोला र अक्षेते खोलामा ४मीटर लम्बाईका एक ३०./एक वटा गरी जम्मा २ वटा फड्के पुल निर्माण भएको |
| ५ | हुलाके खकाले सडक शैलुङ ६ | ३,२४,२३६८८/ | ३,२०,१०५२७/ | २,८४,००००/ ० | मेशिनद्वारा २६९ घमी माटो पन्छाई सडक सफा गर्ने र सडक सोलिङ १४६ मीटर भएको। |
| ६ | शैलुङ चिनारी सडक शैलुङ ७ | ४,२८,८३६७८/ | ४,३१,३६१७०/ | ३,८३,३०००/ ० | सडक सोलिङ १३० मीटर ८५) घमी) भएको। २ १ १ को ग्याविन ४ थान १ को ५ १ १. थान खरिद गरी ढुङ्गा ५ ग्याविन भर्ने कार्य भएको र मेशिन प्रयोग |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | | | घमी माटो काटेर सडक ९१ गरी चौडा गर्ने कार्य भएको । |
| ७ | कात्तिके कोलगैरा खानेपानी आयोजना शैलुङ ८ | १,११,१३९०९/ | १,१२,८४८७३/ | ९५,८००००/ | ईन्टेक निर्माण गरी सो को सुरक्षा वाल निर्माण भएको । |
| ८ | पाङ्गीखोला फलामे पुल निर्माण शैलुङ २ | ४,३८,२७८०३/ | ४,९९,७९२७३/ | ३,८३,५०००/ ० | फलामे बिममा 3 MM thick को फलामे पाता जडान गरी २२ मीटर लामो पुल निर्माण रेलिङ जडान गरिएको । |
| ९ | मालिघ्याङ सामुदायिक भवन अधुरो शैलुङ २ | ५,५०,९१७०६/ | ५,४९,१२१९७/ | ४,७८,४३५०/ ० | ईटाको वाल लगाउने, पी सी सी ढलान गर्ने, आर सी सी ढलान गर्ने, ढोकाको चौकोस र खापा राख्ने कार्य भएको । |
| १० | सांचेत सामुदायिक भवन अधुरो शैलुङ २ | ४,३९,२४१५८/ | ४,५२,००८६९/ | ३,३६,००००/ ० | ब्लकको वाल लगाउने, पी सी सी ढलान गर्ने र फलामे फ्रेममा जस्तापाताको छाना लगाउने कार्य भएको । |
| ११ | घलेगाउँ मोड भित्रि सडक शैलुङ ७ | २,१५,५७७५५/ | २,२५,८२८५५/ | १,९२,००००/ ० | सडक सोलिङ १०२ मीटर ५२) घमी) भएको । पी एन ४, २५० एम एम, पाइप ६ मीटर खरिद गरी सडकबाट पानी निकासको व्यवस्थापन भएको |
| १२ | भित्रे पानीकुवा सडक शैलुङ ६ | ३,२७,५२८४८/ | ३,२८,७५३२७/ | २,८८,००००/ ० | सडक सोलिङ १४० मीटर ७२) घमी) भएको । स्थानीय ग्राभेल ७२ घमी ढुवानी गरी सडकमा बिछ्याउने र मेशिनद्वारा ३६ घमी माटो काटी नाला निर्माण भएको । |

| | | | | | |
|---|---|---|---|---|---|
| १३ | मानेडाँडा वडा कार्यालय सडक शैलुङ ७ | ५,३७,२८५६०/ | ५,३७,२६२८२/ | ४,७९,४९००/० | सडक सोलिङ १९२ मीटर घमी १३३)) भएको। |
| १४ | टाहारटोल खानेपानी मुहान तथा ढुङ्गेधारा निर्माण शैलुङ ६ | ५,५०,८५६०८/ | ५,५२,३६८३०/ | ४,८०,००००/० | मुहान संरक्षण गरी ३ वटा ढुङ्गेधारा जडान भएको र कम्पाउण्ड निर्माण भएको। |
| १५ | देवीस्थान वडा कार्यालय सिंचाई शैलुङ ५ | ३,२५,२६२८४/ | ३,४०,६४१७५/ | २,८६,९५००/० | विभिन्न साईजको पाइप ९२० मीटर खरिद गरी सिंचाई आयोजना तयार भएको। |
| १६ | जिरोकिलो गोठपानी वडा कार्यालय सडक शैलुङ ६ | ५,४५,१३५७९/ | ५,४६,३६२८४/ | ४,७९,५०००/० | सडक सोलिङ १२७ घमी गरी स्थानीय ग्राभेल १८ घमी बिछयाई सडक सम्याउने कार्य भएको। |
| १७ | काँडे पोखरी निर्माण शैलुङ ३ | २,१९,१३२७३/ | २,६६,७४५४७/ | १,९१,५०००/० | साविकको पोखरीको बिचमा नागको आकृति राख्नको लागि आर सी सी पिलर बनाउने र पोखरी विस्तार गर्ने कार्य भएको। |

**बैठक मितिः २०८३ बैशाख २३ गते**

| **क्र.सं.** | **आयोजना तथा कार्यक्रमको नाम र ठेगाना** | **प्राविधिक लागत अनुमान रकम रु.** | **प्राविधिक मूल्याङ्कन रकम रु.** | **गाउँपालिका बाट भुक्तानी हुने रकम रु.** | **मुख्य मुख्य कामको विवरण** |
|---|---|---|---|---|---|
| १ | भैंसे फलाटे सडक स्तरोन्नति शैलुङ ८ | ३,५०,७००४८/ | ३,५२,५४६२७/ | ३,४२,५०००/० | सडक सोलिङ १९१ मीटर ९७) घमी) भएको। |
| २ | मानेबेंसी कल्लाबारी सिंचाई शैलुङ १ | ५,४९,४६५४६/ | ५,५३,२४१९०/ | ४,७९,००००/० | पी सी सी ढलान गरी १७९ मीटर सिंचाई कुलो निर्माण भएको। |

| | | | | | |
|---|---|---|---|---|---|
| ३ | मालिघ्याङ खोल्सो तथा बाढी नियन्त्रण शैलुङ २ | ३,२६,७५९१८/ | ३,५९,७६८४८/ | २,८७,५०००/० | ९ घमी पी सी सी ढलान गरी सिमेन्ट मसलाको जोडाईमा वाल लगाई खोल्सो नियन्त्रण कार्य भएको। |
| ४ | वडा स्तरीय फड्के पुल स्ल्याब निर्माण शैलुङ/५ | २,१७,७६३०८/ | २,१८,०९५२८/ | १,९१,४०००/० | ६ मीटर लम्बाईका ६०.५ र १०. एक/एक वटा गरी जम्मा २ वटा आर सी सी फड्के पुल निर्माण गरी रेलिङ समेत निर्माण भएको। |
| ५ | फलाटे घट्टेखोला नयाँ ट्र्याक शैलुङ १ | ३,२६,९५०९८/ | ३,२८,१६२८१/ | २,८७,२०००/० | मेशिनद्वारा विभिन्न प्रकारको माटो ४०२९, घमी मध्यम चट्टान ४० घमी काटी ट्र्याक खोल्ने कार्य र सडक २१ मीटर ११) घमी) सोलिङ गर्ने कार्य भएको |
| ६ | मानेडाँडा पैती सडक शैलुङ ७ | ५,४०,०१९२०/ | ५,३८,५१५७२/ | ४,७७,१६३०/० | सडक सोलिङ १९४ मीटर घमी १३३)) भएको। |
| ७ | भैंसे फलाटे सडक शैलुङ ८ | ४,३५,५७७३५/ | ४,४०,२४७७३/ | ३,८३,७०००/० | सडक सोलिङ २०८ मीटर १०८) घमी भएको। विभिन्न प्रकारको ( घमी काटी सडक सतह ६० माटो मिलाउने कार्य भएको। |
| ८ | गणेशथान मन्दिर मर्मत शैलुङ १ | ३,२६,८७०७५/ | २,९८,४९५८७/ | २,५८,६९२०/० | मन्दिर प्रवेशको लागि सिंढी निर्माण मन्दिर वरिपरि रेलिङ निर्माण मेशिनरी वाल निर्माण र मन्दिर भित्र प्लाष्टर तथा रंगरोगन कार्य भएको। |

**बैठक मितिः २०८३ बैशाख ३० गते**

| क्र.सं. | आयोजना तथा कार्यक्रमको नाम र ठेगाना | प्राविधिक लागत अनुमान रकम रु. | प्राविधिक मूल्याङ्कन रकम रु. | गाउँपालिकाबाट भुक्तानी हुने रकम रु. | मुख्य मुख्य कामको विवरण |
|---|---|---|---|---|---|
| १ | नमूना ढुङ्गेधारा तथा सिढी निर्माण शैलुङ १ | ४,२७,८५९/०७ | ४,३०,४२४६/५ | ३,८३,३०००/० | यस अघि नै निर्मित ढुङ्गेधारामा सिंढी निर्माण गरी आवत जावत सहज भएको साथै मेशिनरी वाल लगाउने र ढुङ्गा छाप्ने कार्य समेत भएको। |
| २ | भद्रेश्वर साँगुते बेंसी जाने बाटो शैलुङ ७ | २,१६,७५६/२९ | २,२२,६५७२/६ | १,९१,५०००/० | सुख्खा ढुङ्गाको सिंढी तथा सोलिङ गरी गोरेटो बाटो निर्माण भएको। |
| ३ | भोर्तले सडक शैलुङ ७ | ३,२१,६२६/३४ | ३,१४,१५५५/० | २,८०,३१००/० | सडक सोलिङ १५२ मीटर घमी ७७)) भएको। |
| ४ | प्वारटोल घ्याङडाँडा सडक शैलुङ ५ | ५,३८,६५२/४० | ५,४४,८०३०/० | ४,७९,५०००/० | सडक सोलिङ २६५ मीटर घमी १३५)) भएको। |
| ५ | स्वास्थ्यचौकी भौतिक व्यवस्थापन शैलुङ ५ | २,७१,३६०/५८ | २,७५,८२६१/२ | २,३९,३०००/० | फलामे पोष्ट राखी ढलान गर्ने र ढुङ्गाको मेशिनरी वाल लगाउने कार्य भएको। |
| ६ | फापरखोरिया पियुसे ठुलोसिम सडक स्तरोन्नति शैलुङ ५ | ६,४७,३१३/७८ | ६,५१,४१३४/० | ५,७५,२०००/० | सडक सोलिङ ३१७ मीटर घमी १६१)) भएको। |
| ७ | दार्खा हेल्थपोष्ट सडक शैलुङ ७ | ४,२९,९९१/८० | ४,३९,५९३५/७ | ३,८४,००००/० | सडक सोलिङ २१३ मीटर घमी १०८)) भएको। |
| ८ | भोटेखर्क लहरेमाने सडक सोलिङ आयोजना शैलुङ ३ | ५,०४,५१६/४८ | ५,०६,७२४१/९ | ५,००,००००/० | सडक सोलिङ २०५ मीटर घमी १४०)) भएको। |
| ९ | वडा स्तरीय गोरेटो बाटो निर्माण शैलुङ ५ | ४,३३,००५/८२ | ४,३४,७५२६/९ | ३,८४,००००/० | जि आई रेलिङ सहितको ४ मीटर लामो फड्के पुल निर्माण गरी पी सी सी ढलान |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | | | गरेर १ मीटर चौडाईको १८० मीटर लामो गोरेटो बाटो र सिढी निर्माण भएको। |
| १० | अपाङ्ग मैत्री शौचालय निर्माण शैलुङ ६ | १,०१,३८१/११ | १,०२,१७८५/५ | ९६,०००००/ | अपाङ्ग मैत्री कम्मोड जडान भएको ह्वीलचियर जानकोलागि ढलान भएको धारा फिटिङको कार्य भएको र पी भि सी ट्याङ्की खरिद गरी शौचालयमा पानी व्यवस्थापन भएको। |

**बैठक मितिः २०८३ जेठ ०७ गते**

| क्र.सं. | आयोजना तथा कार्यक्रमको नाम र ठेगाना | प्राविधिक लागत अनुमान रकम रु. | प्राविधिक मूल्याङ्कन रकम रु. | गाउँपालिकाबाट भुक्तानी हुने रकम रु. | मुख्य मुख्य कामको विवरण |
|---|---|---|---|---|---|
| १ | सडक सरसफाई ट्र्याक/ स्तरोन्नति माथिल्लो दाङ र) चिलाउने ८ गोरखटोल शैलुङ | ७,६३,४०५३४/ | ७,६८,९२५६२/ | ६,७२,०००००/ | विभिन्न प्रकारको माटो र चट्टान काटी सडक ट्र्याक स्तरोन्नति गर्ने, सडक सोलिङ १३४ घमी गर्ने तथा १०५ घमी स्थानीय ग्राभेल ढुवानी गरी सडकमा बिछ्याउने कार्य भएको। |
| २ | मानेडाँडा चित्रे वडा जोड्ने सडक स्तरोन्नति शैलुङ २ | ४,३८,८७६०/० | ४,४७,८९६८८/ | ३,८३,३००००/ | सडक सोलिङ १६३ मीटर घमी १११)) भएको। |
| ३ | घलेगाउँ सामुदायिक भवन शैलुङ १ | ५,५५,५९१६/१ | ५,५६,१५३१४/ | ४,३१,५००००/ | पी सी सी ढलान गर्ने, सिमेन्ट मसलाको जोडाईमा ईटाको वाल लगाउने, फलामे ट्रसको फ्रेम बनाई जस्तापाताको छाना लगाउने कार्य भएको। |

| | | | | | |
|---|---|---|---|---|---|
| ४ | मुल्मीटोल सडक शैलुङ ७ | २,१६,७७१०/० | २,१५,७४५९०/ | १,९०,६००००/ | सडक सोलिङ १०४ मीटर ५३) घमी) भएको । |

**बैठक मितिः २०८३ आषाढ ०२ गते**

| क्र. सं. | आयोजना तथा कार्यक्रमको नाम र ठेगाना | प्राविधिक लागत अनुमान रकम रु. | प्राविधिक मूल्याङ्कन रकम रु. | गाउँपालिकाबाट भुक्तानी हुने रकम रु. | मुख्य मुख्य कामको विवरण |
|---|---|---|---|---|---|
| १ | पहरीखर्क आचार्यटोल खानेपानी आयोजना शैलुङ ८ | २,१९,४८९९६/ | २,१९,९३६७/० | १,९२,००००/० | रिजर्भ ट्याङ्की निर्माण गरी मुहान देखि ट्याङ्की सम्म ५१ मीटर पाईपद्वारा पानी जम्मा गर्ने कार्य भएको र फिटिङका कार्य भएको । |
| २ | सेतिदेवी ढुङ्गेधारा निर्माण शैलुङ ८ | २,१७,२१५८७/ | २,१८,५१५६/३ | १,९२,००००/० | वाल लगाई वालको भित्तामा मेशिनद्वारा काटिएको ढुङ्गा राखी २ वटा ढुङ्गेधारा जडान भएको । |
| ३ | शैलुङ झोर जोरधारा सडक शैलुङ ८ | ५,४५,०३७३०/ | ५,४६,१२४६/३ | ४,७९,८०००/० | सडक सोलिङ १९६ मीटर घमी १००)) भएको र ९७ घमी स्थानीय ग्राभेल ढुवानी गरी सडकमा बिछ्याउने कार्य भएको । |
| ४ | पाटा बीचटोल क्युईवाजी खानेपानी शैलुङ २ | ३,२८,६६६७४/ | ३,०९,४७५२/६ | २,७१,००००/० | ईन्टेक निर्माण गरी जालीको घेराबार गर्ने र PN16, 32 MM पाईप ३५० मीटर खरिद गरी बिछ्याउने कार्य भएको । |
| ५ | दलित वस्ती खोल्सो नियन्त्रण शैलुङ २ | ३,२९,२७९६८/ | ३,२४,०२३८/६ | २,८३,३९१०/० | पि सी सी ढलान सहित ८२ मीटर कुलो निर्माण गरी खोल्सी नियन्त्रण गर्ने कार्य भएको । |
| ६ | गुरुङगाउँ खानेपानी अधुरो योजना शैलुङ ६ | २,१४,११७६८/ | २,०५,६९१६/३ | १,८४,००००/० | १८ वटा धारा निर्माण गरी फिटिङको कार्य भएको । |

| | | | | | |
|---|---|---|---|---|---|
| ७ | घुमाउनेपानी थगम पुरानोगाउँ सडक शैलुङ २ | ५,४०,०१९०९/ | ४,५३,९१०८/० | ४,०३,४६१०/० | सडक सोलिङ १६५ मीटर घमी ११२)) |
| ८ | थगम महाभारेच्यात टोल खानेपानी व्यवस्थापन शैलुङ २ | ४,३९,४३९९७/ | ३,८८,२४७९/६ | ३,३९,२६६०/० | रिजर्भ ट्याङ्की २ वटा निर्माण धारा ४ वटा निर्माण र PN16, 16 MM को पाईप १२० मीटर खरिद गरी बिछयाउने कार्य भएको साथै पी भि सी ट्याङ्की ५०० लिटरको ५ थान खरिद गरी व्यवस्थापन भएको। |
| ९ | कोलमखान सेवा समाज सिंढी निर्माण शैलुङ १ | ४,३६,१२२३९/ | ४,३६,६३५९/७ | ३,८४,००००/० | पि सी सी ढलान गरी १२२ मीटर लामो बाटोमा सिढी निर्माण भएको। |
| १० | झोरखोला घाट व्यवस्थापन शैलुङ ८ | ५,४५,४१२५५/ | ५,५०,६०३८/४ | ४,८०,००००/० | ट्रस जडान गरी जस्तापाताको छाना लगाई प्रतिक्षालय र घाट निर्माण गरी सिमेन्ट मसलाको जोडाईमा प्रतिक्षालय देखि घाट सम्म सिढी निर्माण भएको। |
| ११ | फस्कु स्वास्थ्यचौकी खानेपानी व्यवस्थापन शैलुङ ७ | २,१५,७७६३८/ | २,१२,१२८८/० | १,८८,७५४०/० | मुहानमा इन्टेक निर्माण गरी २५ एम एमको पाईप ८०० मीटर खरिद गरी बिछयाउने कार्य भएको। |
| १२ | कालिका मावि व्यवस्थापन तथा सिंढी निर्माण शैलुङ ७ | ४,३७,८९२६४/ | ४,३९,२५७१/४ | ३,८३,३०००/० | स्क्वायर पाइपको पोष्ट जडान गरी जालीको घेराबार गर्ने तथा प्लम्प कंक्रिट गरी सिंढी निर्माण कार्य भएको। |

| | | | | | |
|---|---|---|---|---|---|
| १३ | महादेव प्रा वि व्यवस्थापन शैलुङ ८ | १,०८,८५८४७/ | १,०८,८५८४/ ७ | ९५,५००००/ | चेनगेट राख्ने रङ्ग लगाउने र झ्यालमा खापा राख्ने कार्य भएको । |
| १४ | शैलुङ्गेश्वरी आवि पाँडेखानी भौतिक व्यवस्थापन शैलुङ ८ | ४,३५,५२२४४/ | ४,४१,१६७१/ ६ | ३,८३,७०००/ ० | ग्राउण्ड मिलाउने, सिढी बनाउने, सिढीमा फलामे रेलिङ राख्ने, कक्षा कोठा पार्टेशन गर्ने, प्लाष्टर गर्ने, भुईंमा कोरा मसिनो गर्ने तथा वालमा र फलामे रेलिङमा रंग लगाउने कार्य भएको । |
| १५ | कालिभुमे मन्दिर व्यवस्थापन शैलुङ ३ | ५,९६,१४२३४/ | ६,०३,५३८५/ ३ | ५,२८,००००/ ० | सिमेन्ट मसलाको जोडाईमा २ मीटर ३०. मीटर ला २४ उचाईकोमो ढुङ्गाको वाल लगाउने र घण्टी खरिद तथा ढुवानी गरी जडान गर्ने कार्य भएको । |
| १६ | पहरीखर्क युवा क्लब भौतिक व्यवस्थापन शैलुङ ८ | २,१८,११९८४/ | २,१२,७७२६/ ८ | १,८७,३०३०/ ० | क्लब भवनमा प्लाष्टर गर्ने कोरामसिनो गर्ने झ्यालमा सिसा राख्ने रङ्ग लगाउने लगायतका कार्य गरी भवनको भौतिक व्यवस्थापन भएको । |
| १७ | बाँकेखोला आर सी सी पुल निर्माण शैलुङ ८ | २,१७,९०४९३/ | २,२०,६१२३/ ४ | १,९१,००००/ ० | मानिस आवत जावत गर्ने सिढी सहित ५ मिटर लामो आर सी सी पुल निर्माण गरी रेलिङ जडान गरी रेलिङमा रङ्ग लगाउने साथै पुल संरक्षणको लागि ग्याविन बक्समा ढुङ्गा भर्ने कार्य भएको । |
| १८ | हरिसिद्धि कुभिण्डे सडक शैलुङ ८ | ४,३५,५७०९२/ | ४,४०,४६६०/ ९ | ३,८३,००००/ ० | विभिन्न प्रकारको माटो २०२३ घमी, साधारण चट्टान १०१० घमी र कडा चट्टान ७७ घमी काटी सडक निर्माण भएको । |

| | | | | | |
|---|---|---|---|---|---|
| १९ | राहुँटोल खानेपानी आयोजना शैलुङ ८ | २,१७,८७३४७/ | २,००,५२९७/९ | १,७६,७०६०/० | ईन्टेक निर्माण र फिटिङका कार्य गरी ३२ एम एमको ९०० मीटर पाईप खरिद र व्यवस्थापन कार्य भएको। |
| २० | छाङखोला फड्के पुल निर्माण शैलुङ ३ | १,०७,६२८५१/ | १,१२,४१२०/० | ९५,७००००/ | ३ मीटर लामो आर सी सी फड्के पुल निर्माण गरी फलामे रेलिङ बनाई रङ्गरोगन कार्य भएको। |
| २१ | दुर्गा मावि सिंढी निर्माण शैलुङ ४ | २,१६,०८५७१/ | २,१८,५६२८/९ | १,९१,५०००/० | पि सी सी ढलान गरी ५७ मीटर लामो गोरेटो बाटोमा सिंढी निर्माण कार्य भएको। |

प्रस्ताव नं. ४ माथि छलफल गर्दा शैलुङ गाउँपालिकाको आर्थिक विधेयक, २०८३ गाउँसभामा स्वीकृतिको लागि पेश गर्ने ।

प्रस्ताव नं. ५ माथि छलफल गर्दा शैलुङ गाउँपालिकाको विनियोजन विधेयक, २०८३ माथि आगामि बैठकमा थप छलफल गर्ने ।

प्रस्ताव नं. ६ माथि छलफल गर्दा आ.व. २०८३/०८४ को नीति तथा कार्यक्रम र बजेट माथि आगामि बैठकमा थप छलफल गर्ने ।

प्रस्ताव नं. ७ माथि छलफल गर्दा महालेखा परीक्षक कार्यालयको च.नं. APPROVED/FAR/2081-82/LOC/419 मिति २०८३/०१/३० गतेको पत्रानुसार प्राप्त शैलुङ गाउँपालिकाको अन्तिम लेखा परीक्षण प्रतिवेदन माथि छलफल गर्दै लेखा परीक्षण प्रतिवेदनले औल्याएका असुल गर्नु पर्ने, अनियमित भएको र प्रमाण कागजात पेश नभएका वेरुजुको सन्दर्भमा असुल गर्नु पर्नेको हकमा असुल गर्न, अनियमित भएकाको हकमा आगाम आ.व. देखि नियमित गर्दै लाने र प्रमाण कागजात पेश नभएकाको हकमा सम्बन्धित शाखाले प्रमाण कागजात पेश गर्न निर्देशन दिने ।

प्रस्ताव नं. ८ माथि छलफल गर्दा लिभिङ वाटर नेपाल, ललितपुरको च.नं. ६५, मिति २०८३/०३/०२ गतेको पत्रानुसार यस गाउँपालिकाको ६ नं. वडा कार्यालय अन्तर्गत कार्यान्वयन हुने तपसिल बमोजिमको योजना तथा कार्यक्रम आ.व. २०८३/०८४ मा कार्यान्वयन गर्ने गरी स्वीकृतिको लागि निवेदन पेश गरेको हुँदा सो कार्यक्रम कार्यान्वयनको लागि साझेदारी समेत गर्ने गरी स्वीकृत गर्ने ।

तपसिल

| सि.नं. | योजना तथा कार्यक्रमको नाम | ठेगाना | लागत रू | लिभिङ वाटर नेपाल, ललितपुरको तर्फबाट | गाउँपालिकाको साझेदारी | समुदायको साझेदारी |
|---|---|---|---|---|---|---|
| १ | मैदाने दलितटोल खानेपानी आयोजना | शैलुङ-६ | २४,९३,२६६।८० | १४,९५,९६०।- | ४,९८,६५३।४० | ४,९८,६५३।४० |

प्रस्ताव नं. ९(क) माथि छलफल गर्दा शैलुङ गाउँपालिका वडा नं. ६ स्थायी निवासी श्री पृमला कुमारी शाही(ना.प्र.नं. १९९३) ले जिविकोपार्जनको लागी भैसि खरिद गरी उपलब्ध गराईदिनको लागि निवेदन पेश गरेकोमा निज एकल महिला भएको र निजको जिविकोपार्जनको लागि लक्षित वर्ग कार्यक्रमबाट अधिकतम रू १,००,०००/-(एक लाख मात्र) विल भरपाई पेश पश्चात भुक्तानी दिने ।

प्रस्ताव नं. ९(ख) माथि छलफल गर्दा गोल्मोखोला दुधपोखरी कल्लाबारी खानेपानी आयोजना ठेक्का नं. SRM/NCB/W/08-2079/080 अन्तर्गत आयोजना निर्माण व्यवसायी मार्फत भौतिक तर्फ सम्पुर्ण काम सकिएको जस अन्तर्गत उक्त आयोजनामा एक घर एक धारा ३८३ ओटा, आ भी टि १२ ओटा , डि सि ९ ओटा, आइ सि १ ओटा, सिडिमेन्टेसन ट्यान्की १ ओटा, इन्टक १ ओटा, पाईपलाइन लगायत अनय विभिन्न कामहरू सम्पन्न गरिसाकेको तर दोस्रो मूहान कल्लाबारी मा.वि. माथिको अलैची घारीको मुहान बिबादले गर्दा मुहानमा ईन्टक बनाउन नसकिएको सो मुहानबाट लाभान्वित हुने करिब ४३ एकघर एक धारा , १ ओटा डि.सि आर भी टि ९ घ.मि. र ४ घ मि पाइपलाइनको निर्मान कार्य सम्पन्न भईसकेको र उक्त बिबाद समाधान गर्न विभिन्न चरणमा छलफल भए पनि समाधान गर्न नसकिएकोले उक्त मुहानको विकल्प भविष्यमा खोजेर समाधान गरिने तर अहिलेका लागि सो ठेक्काको म्याद सकिएको हुनाले उक्त ठेक्काको हाल सम्मको कार्यहरु सम्बन्धित निर्माण व्यवसायीलाई जिम्मेवार बनाउन गाउँपालिकाका पदाधिकारीको समन्वयमा मूल्यांकन गरी ठेक्का फरफारक गर्ने ।

प्रस्ताव नं. ९(ग) माथि छलफल गर्दा जिरी नगरपालिकाको आयोजनामा जिरिमा भएको र गाउँपालिका शिक्षक महासंघको आयोजनामा भएको तपसिल बमोजिमका खेलकुदमा गाउँपालिकाको तर्फबाट सहभागिता जनाउना जाँदा भएको देहाय बमोजिमको खर्च, खर्च उपशिर्षक नं. २२५२२, राष्ट्रपति रनिङशिल्ड प्रतियोगिता सञ्चालन लगायत अन्य खेलकुद शिर्षकबाट भूक्तानी दिने ।

तपसिल

| सि.नं. | विवरण | खर्च रकम रू | सहभागि भएको खेल | कैफियत |
|---|---|---|---|---|

| | | | | |
|---|---|---|---|---|
| १ | अन्तरपालिका स्तरीय शिक्षक भलिवल | ५२,३००/- | भलिवल | |
| २ | अन्तर मा.वि. छात्र भलिवल | २८०००/- | भलिवल | कालिका मा.वि. सहभागि भएको |
| ३ | शिक्षक कर्मचारी भलिवल प्रतियोगिता | २५,०००/- | भलिवल | कर्मचारी सहभागी भएको |

प्रस्ताव नं. ९(घ) माथि छलफल गर्दा शैलुङ गाउँपालिकाको महत्वपुर्ण पर्यटकीय स्थल शैलुङ जाने ढुङ्गे देखि कालापानी सम्मको सडकको केहि स्थानहरुमा सडक मर्मत गर्नु पर्ने देखिएको हुँदा प्राविधिक लागत अनुमान अनुसार रू १,५०,०००/-(एक लाख पचास हजार) खर्च उपशिर्षक नं. 31151, सडक सरसफाई तथा मर्मत, गाउँपालिका शिर्षकबाट मर्मत गर्ने ।

प्रस्ताव नं. ९(ङ) माथि छलफल गर्दा शैलुङ गाउँपालिका अन्तर्गत सञ्चालित शैलुङ अस्पतालमा थेरापी गर्ने उपकरण खर्च प्रदेश सरकारबाट हस्तान्तरित स्वास्थ्य संस्था सवलीकरण शिर्षकमा विनियोजित रकम वा शैलुङ अस्पताल व्यवस्थापन शिर्षकमा विनियोजित रकमबाट गर्ने ।

प्रस्ताव नं. ९(च) माथि छलफल गर्दा राजश्व परामर्श समितिको तपसिल बमोजिमको प्रतिवेदन स्वीकृत गर्ने ।

तपसिल

## स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ६५ बमोजिम गठित राजस्व परामर्श समितिको प्रतिवेदन २०८३

# परिच्छेद एकः पृष्ठभूमि

### परिचयः

नेपालको संविधानको धारा २३० बमोजिम गाउँ कार्यपालिकाले गाउँ सभामा पेश गर्ने वार्षिक नीति तथा कार्यक्रम, बजेट वक्तव्य र आर्थिक विधेयकमा समावेश गर्नुपर्ने राजस्वका नीति, कानून, करका दर र दायराहरु, संगठनात्मक संरचना र कार्य प्रक्रिया र तिनमा गर्नुपर्ने सुधारका विषयमा गाउँ कार्यपालिकालाई सुझाव सिफारिश गर्न स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६५ बमोजिम गाउँपालिका उपाध्यक्षको संयोजकत्वमा एक स्थानीय राजस्व परामर्श समिति रहने व्यवस्था रहेको छ। अर्थतन्त्रमा सरकारी, निजी र सहकारी सबै क्षेत्रको उत्तिकै महत्व हुने कुरालाई मध्यनजर गरी २०६० सालदेखि सरकार र निजी क्षेत्रबीचको नीति सम्वादको स्थायी संयन्त्रको रुपमा काम गर्दै राजस्व परामर्श समितिमा सरकारी पदाधिकारी लगायत स्थानीय बजार र अर्थतन्त्रका अभियन्ता, निजी क्षेत्रको छाता संगठनका प्रतिनिधिहरु समेतको प्रतिनिधित्व रहने व्यवस्थाको सुरुवातसँगै संघात्मक व्यवस्थामा स्थानीय सरकार क्रियाशील रहेसँगै स्थानीय राजस्व परामर्श समितिमा पनि त्यसको निरन्तरता दिइएको छ।

## स्थानीय राजस्व परामर्श समितिको संरचना

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६५ मा गाउँपालिकामा राजस्व सम्बन्धि परामर्शका लागि देहाय बमोजिमको एक स्थानीय राजस्व परामर्श समिति रहने व्यवस्था रहेको छः

| | |
|---|---|
| (क) गाउँपालिका उपाध्यक्षः | संयोजक |
| (ख) प्रमुख प्रशासकीय अधिकृत | सदस्य |
| (ग) कार्यपालिकाले तोकेको कार्यपालिका सदस्य मध्येबाट एक जना महिला सहित दुई जना | सदस्य |
| (घ) निजी क्षेत्रको उद्योग वाणिज्य सम्बन्धी मान्यता प्राप्त संस्थाको गाउँ तहको अध्यक्ष वा निजले तोकेको प्रतिनिधि | सदस्य |
| (ङ) घरेलु तथा साना उद्योग सम्बन्धी मान्यता प्राप्त संस्थाको गाउँ तहको अध्यक्ष वा निजले तोकेको प्रतिनिधि | सदस्य |
| (च) कार्यपालिकाले तोकेको कार्यपालिका कार्यालयको राजस्व शाखा प्रमुख | सदस्य सचिव |

## स्थानीय राजस्व परामर्श समितिको काम, कर्तव्य र अधिकार

स्थानीय तहको बजेट तथा कार्यक्रम तर्जुमा दिग्दर्शन (परिमार्जन सहित), २०७४ को दफा ५.२.१ तथा गाउँपालिकाको योजना तर्जुमा दिग्दर्शन, २०७५ बमोजिम स्थानीय राजस्व परामर्श समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम रहेको छः

क) राजस्व सम्बन्धी नीति तथा कानुनको तर्जूमा, संशोधन, परिमार्जन र सोको परिपालनाका सम्बन्धमा आवश्यक परामर्श प्रदान गर्ने,

ख) राजस्वका श्रोत, दायरा र दर समेतको विश्लेषण गरी आगामी आर्थिक वर्षमा प्राप्त हुन सक्ने राजस्वको अनुमान गर्ने,

ग) राजस्वका दर र क्षेत्र लगायतका आधारमा आन्तरिक आयको विश्लेषण र अनुमान गर्ने,

घ) स्थानीय उद्योग तथा व्यापार व्यवसाय प्रवर्द्धन र रोजगारी सिर्जनामा योगदान दिने किसिमको कर नीति अवलम्वन गर्न परामर्श दिने,

ङ) कर राजस्व, गैरकर राजस्व, सेवा शुल्क, दस्तुर आदिको दर निर्धारण सम्बन्धमा परामर्श दिने,

च) राजस्व प्रशासन सुधारका लागि अन्य आवश्यक परामर्श दिने।

# परिच्छेद दुईः राजस्वको मौजुदा अवस्थाको विश्लेषण

## राजस्व संकलन

राजस्व संकलनमा मुख्यतया कर राजस्व र गैरकर राजस्व पर्दछन्। कर संकलन गर्दा स्थानीय तहले सबै प्रकारको कर लिन सक्दैन। नेपालको संविधानको अनुसूची ८ मा उल्लेखित एकल अधिकारको विषयमा र साझा अधिकारको तोकिएको क्षेत्रमा मात्र स्थानीय तहले नियमानुसार कर संकलन गर्न सक्छ। यसरी हेर्दा स्थानीय तहले संकलन गर्ने करको योगदान कुल बजेटको तुलनामा सानो देखिन्छ। करको आधार बिन्दु स्थानीय तह भएकाले कर संकलनमा उपलब्धि भन्दा पनि नजिकको सरकारले करको विषयमा सुसूचित गर्ने र आम नागरिकलाई कर तिर्ने बानी बसाल्नु नै अहिलेको उपलब्धिको रुपमा हुने देखिन्छ।

## चालु आर्थिक वर्षको राजस्व संकलनको अवस्था

**चालु आर्थिक वर्ष २०८२।८३ को चैत मसान्तसम्मको आम्दानीको विवरणः**

**शैलुङ गाउँपालिका**
**गाउँ कार्यपालिकाको कार्यालय, दोलखा**

**कार्यालयको कोड : ८०३२३५०७३००**

**Office wise revenue collection Summary**

आ.व. : २०८२/८३ अवधी : २०८२/०४/०१-२०८२/१२/३०

| क्र.सं. | संकेत | राजस्व संकलन गर्ने कार्यालय | जम्मा | कैफियत |
|---|---|---|---|---|
| १ | ८०३२३५०७३०० | शैलुङ गाउँपालिका, दोलखा | १५,७४,०८७.८७ | |
| २ | ८०३२३५०७३०१ | शैलुङ गाउँपालिका,१ नं. वडा कार्यालय, दोलखा | ३,७७,३८०.०४ | |
| ३ | ८०३२३५०७३०२ | शैलुङ गाउँपालिका,२ नं. वडा कार्यालय, दोलखा | ३,०२,४१७.७९ | |
| ४ | ८०३२३५०७३०३ | शैलुङ गाउँपालिका,३ नं. वडा कार्यालय, दोलखा | ५,९२,८५५.७४ | |
| ५ | ८०३२३५०७३०४ | शैलुङ गाउँपालिका,४ नं. वडा कार्यालय, दोलखा | ५,५१,९३५.०४ | |
| ६ | ८०३२३५०७३०५ | शैलुङ गाउँपालिका,५ नं. वडा कार्यालय, दोलखा | ३,८३,०२४.०४ | |
| ७ | ८०३२३५०७३०६ | शैलुङ गाउँपालिका,६ नं. वडा कार्यालय, दोलखा | ३,४०,५८७.९२ | |
| ८ | ८०३२३५०७३०७ | शैलुङ गाउँपालिका,७ नं. वडा कार्यालय, दोलखा | ५,६२,१०५.४८ | |
| ९ | ८०३२३५०७३०८ | शैलुङ गाउँपालिका,८ नं. वडा कार्यालय, दोलखा | ८,५१,२४०.८६ | |
| १० | ८०३२३५०७३१० | शैलुङ अस्पताल | २,४५,७९१.०० | |
| | | जम्मा | ५७,८१,४२५.७८ | |

# परिच्छेद तीनः राजस्व संकलनका उद्देश्य र नीतिहरु

## राजस्व संकलनका उद्देश्यहरुः

आगामी आर्थिक वर्ष २०८३/८४ का लागि आन्तरिक राजश्व परिचालन नीतिका उद्देश्य निम्नानुसार रहेका छन्:

- कर सचेतना कार्यक्रम मार्फत सबै नागरिकमा कर तिर्ने प्रवृत्तिको विकास गर्ने ।
- वडा कार्यालय र गाउँ कार्यपालिका कार्यालयबीच परस्पर सहयोग, सहकार्य र समन्वयको वातावरण निर्माण गरी सबै प्रकारका आर्थिक क्रियाकलापहरुलाई करको दायरामा समेटी अधिकतम् राजश्व परिचालनमा जोड दिने ।
- राजश्व चुहावट नियन्त्रणका लागि उत्प्रेरणात्मक र दण्डात्मक नीति अङ्गिकार गरी कर संकलन तथा परिचालनमा प्रदेश सरकार तथा संघीय सरकारलाई सहयोग गर्ने ।
- आन्तरिक राजश्व परिचालनमा दिगो वृद्धि दर हासिल गरी स्थानीय वित्त प्रणालीलाई सुदृढ तुल्याउने गरी राजश्व प्रणालीमा सुधार गर्ने ।
- स्वच्छ एवं पारदर्शी कर प्रणाली अवलम्बन गर्दै राजश्व प्रणालीलाई समन्यायिक एवं लगानीमैत्री बनाउने ।
- आन्तरिक राजश्वका थप स्रोतहरु पहिचान गरी मौजुदा आन्तरिक करका दरहरुलाई लागत प्रभावी बनाउने ।

- कृषि लगायत अन्य क्षेत्रको उत्पादन र उत्पादकत्व बढाई निर्यात प्रवर्द्धन गर्ने ।
- स्थानीय कर प्रणाली बारे आम पेशा, व्यवसाय र सर्वसाधारण नागरिकमा आश्वस्त पार्ने ।

## राजस्व संकलनका नीतिहरु

**राजस्व संकलनका उद्देश्यहरु हासिल गर्नको लागि देहाय बमोजिमका नीतिहरु अवलम्बन गर्नेः**

- एकीकृत सम्पत्ति कर लागू गरी कर प्रणालीलाई बढी सरल र प्रभावकारी बनाउन विस्तृत अध्ययन गरिनु पर्ने ।
- गाउँपालिकाबाट प्रदान गरिने सेवा सुविधालाई राजस्व शाखासगं आवद्ध गरिने कार्यलाई प्रभावकारी बनाईने ।
- उद्योगी व्यवसायीसँगको सहकार्य र समन्वयमा व्यवसाय करलाई व्यवस्थित र प्रभावकारी बनाई सबै व्यवसायीलाई करको दायरामा ल्याईने ।
- बार्षिक रु. एक लाखभन्दा बढी कर तिर्ने करदाताहरुको अभिलेख राखी निजहरुलाई विशेष रुपले पुरस्कृत र सम्मान गर्ने व्यवस्था ।
- गाउँपालिकाका विविध सेवाहरु उपलब्ध गराउन अतिरिक्त दस्तुर लिई घरदैलो सेवा उपलब्ध गराईने नीति अवलम्बन गरिने ।
- कर संकलन कार्यमा संलग्न कर्मचारीहरुलाई प्रोत्साहित गर्न बार्षिक लक्ष्य भन्दा बढी कर संकलन भएमा लक्ष्य भन्दा बढी संकलन भएको रकमबाट गाउँ कार्यपालिकाको निर्णयानुसार उत्कृष्ट कार्य गर्ने कर्मचारीहरुलाई प्रोत्साहित गरिने ।
- नक्सा पास नभई बनेका घरहरुलाई व्यवस्थित गर्न केहि समयको लागि नक्सा पास दस्तुर छुट गरी सबै निर्मित घरहरुको नक्सा पास गराउने नीति अबलम्बन गरिने ।
- गाउँपालिका क्षेत्रमा पटके पसल एवं बजार लगायत अन्य सार्बजनिक सम्पत्ति गाउँपालिका वाहेक अन्य संघ संस्था तथा निकायबाट उपयोग भएको अभिलेख तयार गरी सोको गाउँपालिकाबाट व्यवस्थापन गरी एकद्वार प्रणालीबाट राजस्व परिचालन गरिने व्यवस्था सुनिश्चित गरिने ।
- राजस्व प्रशासन सुधार गरी पर्याप्त दक्ष जनशक्ति, पूर्वाधार, आधुनिक सूचना प्रविधियुक्त एवं करदातामैत्री बनाउने ।
- कर सहभागिता अभिवृद्धि गर्न बुलेटिन, ब्रोसर, पम्फ्लेट प्रकाशन, सूचना प्रशारण एवं अन्तरक्रिया गोष्ठी आयोजना गरिने ।

## परिच्छेद चारः करका आधारहरु

नेपालको संविधानले दिएको अधिकार, राजस्व सम्बन्धी अधिकार, कार्य विस्तृतिकरण प्रतिवेदन र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ मा उल्लेख भए अनुसार करका आधारहरु देहाय बमोजिम रहेका छन् :

क) सम्पत्ति
 १. अचल सम्पत्तिमा लाग्ने कर (मालपोत, घरजग्गा कर, सम्पत्ति कर)

ख) आम्दानीः
 १. घर बहाल कर

ग) वस्तु तथा सेवा
 १. मनोरञ्जन (प्रदेशसँग साझेदारीमा)
 २. विज्ञापन कर (प्रदेशसँग साझेदारी)

३. सवारी साधन कर (प्रदेशसँग साझेदारी)
४. व्यवसाय कर

घ) सेवा शुल्क तथा दस्तुर

१. सेवा शुल्क (स्थानीय पूर्वाधार तथा सेवा उपयोगमा)
२. दस्तुर (स्थानीय तहबाट हुने सिफारिश लगायतमा)
